दोगडाकेदार गाउँपालिका

बैतडी, सुदूरपश्चिम प्रदेश, नेपाल

दोगडाकेदार गाउँपालिकाको राजपत्र

दोगडाकेदार गाउँपालिकाबाट प्रकाशित

खण्डः ९ संख्याः १ सम्बत् २०८२ असार १७ गते

भाग-१

दोगडाकेदार गाउँपालिका

आर्थिक ऐन, २०८२

नेपालको संविधानको धारा २२८ ले दिएको अधिकार प्रयोग गरि दोगडाकेदार गाउँपालिकाको गाउँसभालेआर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका लागि **आर्थिक ऐन, २०८२** स्वीकृत गरि सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ ।

दोगडाकेदार गाउँपालिका, बैतडी

दोगडाकेदार गाउँपालिका
आर्थिक ऐन, २०८२

गाउँसभाबाट स्वीकृत मिति : २०८२।०३।१२
परमाणिकरण मिति : २०८२।०३।१७

प्रस्तावना : दोगडाकेदार गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दोगडाकेदार गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि दोगडाकेदार गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति करः गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमिकर (मालपोत) : गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भुमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४)क र (४)ख बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिङ,प्वाँख,छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरे बापत अनुसूचि (५) बमोजिम कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन करः गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) उल्लेख भए बमोजिम हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायटिङ्ग शुल्कः** गाउँपालिका क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेबापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **प्राकृतिक श्रोत साधन बिक्रि शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको प्राकृतिक श्रोत साधन विक्रि गरेवापत अनुसूची (१३) अनुसार शुल्क लगाउने र असूल उपर गरिनेछ ।

१५. **सरकारी सम्पत्ती प्रयोगबाट प्राप्त हुने आयः** गाउँपालिकाले आफु सँग भएको सम्पत्ती प्रयोग गर्न दिदा अनुसूची (१४) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१६. **प्रशासनिक शुल्क तथा दण्ड जरिवानाः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र अनुसूचि (१५) बमोजिम प्रशासनिक शुल्क तथा दण्ड जरिवाना लगाइने र असूल उपर गरिनेछ ।

१७. **करछुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१८. **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

दोगडाकेदार गाउँपालिका, बैतडी

बिषय-सूची

१. पृष्ठभुमि...

२. राजश्वको मौजुदा अवस्थाको बिश्लेषण..

३. राजश्व नीतिहरु..

४. करका आधारहरु...

५. आगामी आ.व. को प्रस्तावित कर तथा गैर कर राजश्व दर (अनुसूची १-१५ सम्म).............

६. आगामी आ.व. का लागी अनुमानित कर तथा गैर कर राजश्व रकम..............................

७. निष्कर्ष तथा सुझावहरु..

दोगडाकेदार गाउँपालिका, बैतडी

१. पृष्ठभूमि :

नेपालको संविधानको धारा ५६ अनुसार संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको हुने व्यवस्था छ सोही व्यवस्था बमोजिम नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयानुसार साविकका गा.वि.स. हरु रिम , श्रीकोट , श्रीकेदार , न्वाली , सित्तड , देउलेक , कटौजपानी र जगन्नाथ (५ देखी ९) समावेस गरि दोगडाकेदार घोषणा गरिएको छ। स्थानीय तह तीन तहको सरकार मध्ये तल्लोर जनताको नजिकको सरकार हो । सन्निकटताको सिद्धान्तमा आधारित लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्ने माध्यम हो। स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित बिषयमा निहित रहने र त्यस्ते अधिकारको प्रयोग नेपालको संविधान र गाउँसभा वा नगरसभाले वनाएको कानुन वमोजिम हुने , नेपालको स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थीक अधिकार सम्बन्धी बिषयमा कानुन बनाउने , बार्षीक वजेट बनाउने , निर्णय गर्ने , निति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने संवैधानीक व्यवस्था रहेको छ।

नेपालको संविधान वमोजिम स्थानीय तहको अधिकार सम्वन्धि व्यवस्था कार्यान्वयन गर्न तथा संघ , प्रदेश र स्थानीय तह बिचको सहकारिता , सहअस्तीत्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागीता , उत्तरदायीत्व , पारदर्शीता सुनिश्चीत गरि सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न , लोकतन्त्रका लाभहरुको समानुपातीक समावेसि र न्यायोचित वितरण गरि कानुनी राज्य र दिगो विकाशको अवधारण अनुरुप सामाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक साशन प्रणालीलाई स्थानीय तह देखीनै सुदृढीकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय साशन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायकि , कार्यकारणी , न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको रुपमा हाम्रो गाउँपालिका कृयाशिल रहेको छ।

नेपालको संविधान बमोजिम तर्जमा भएको स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ६५ मा स्थानीय राजश्व परामर्श समिति र सो समितिको काम कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। सो ऐनमा व्यवस्था गरिए वमोजिम आगामी आ.व. को राजश्व सम्बन्धि निति तर्जुमा गर्न , राजश्वका श्रोत , दायरा र दर समेतको विश्लेषण गरि आगामी आ.व. मा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्न , कर राजश्व , गैरकर राजश्व , सेवा शुल्क , दस्तुर आदीको दर सम्बन्धी परामर्श कार्यपालीकालाई उपलब्ध गराउने सन्दर्भमा यो प्रतिवेदन तयार गरिएको छ।

दोगडाकेदार गाउँपालिका, धनै

२. राजश्वको मौजुदा अवस्थाको बिश्लेषण

क.सं.	राजश्वको क्षेत्रहरु	गत आ.व. २०८०/०८१ को यथार्थ रकम	चालु आ.व. २०८१/०८२को अनुमान	चालु आ.व. २०८१/०८२ को जेष्ठ ९ गते सम्मको यथार्थ आम्दानी
१	घर धुरी (सम्पत्ति) कर		४,००,०००	
२	भुमि कर (मालपोत)		१२,००,०००	
३	घर जग्गा वहाल कर		५०,०००	
४	ब्यवसाय कर		५,५०,०००	
५	जडीबुटी, कवाडी र जिवजन्तु सम्बन्धी कर		२,००,०००	
६	सवारी कर (पूर्वाधार सेवाको उपयोग)		०	
७	बिज्ञापन कर		०	
८	मनोरञ्जन कर		०	
९	बहाल बिटौरी (पटके व्यवसाय) कर		०	
१०	पार्किङ्ग शुल्क		०	
११	ट्रेकिङ्ग आदि शुल्क		०	
१२	सेवा शुल्क तथा दस्तुर		१७,५०,०००	
१३	विविध		–	
१४	प्राकृतिक श्रोत विक्रि शुल्क		२५,००,०००	
१५	सरकारी सम्पत्ती प्रयोगबाट प्राप्त आय		२०,५०,०००	
१६	प्रशासनिक सेवा शुल्क तथा दण्ड जरिवाना		३,००,०००	
१७	गत वर्षको बैंक मौज्दात		१,००,००,०००	
	जम्मा	१,११,४९,०८३.१९	१,९०,००,०००।००	५९,५४,८७९।६०

उल्लेखित तालिकालाई विश्लेषण गर्दा गत आ.व. २०८०/०८१ मा कुल आन्तरिक आम्दानी रु. १ करोड ११ लाख ४९ हजार ८३ रुपया पैसा १९ भएकोमा यस आ.व. २०८१।०८२ को हाल सम्मको खुद आन्तरिक आम्दानी ५९,५४,८७९।६० (अक्षरेपी ५९ लाख ५४ हजार ८ सय ७९ रुपया पैसा ६० मात्र) भएको देखियो । अर्थात लक्ष्यको ६६.१६ प्रतिशत आन्तरिक राजश्व संकलन भएको छ ।

३. राजश्व नीतिहरु :

आ.व. २०८२/०८३ का लागी राजश्व प्रशासन तर्फ निम्न अनुसारका निति तथा कार्यक्रमहरुको अवलम्वन गर्ने ।

- नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम स्थानीय तहलाइ प्राप्त राजश्व समन्धि अधिकारको प्रयोग गर्दै गाउँपालिकालाई आर्थीक रुपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै सम्भावना र क्षेत्रहरुको खोजि गर्दै प्रगतिशिल र समतामुलक ढंगले करका दायराहरु निर्धारण गर्ने ।
- अपांगता भएका व्यक्तिहरु एकल तथा विधुवा माहिलाहरुलाइ जुनसुकै प्रकारको व्यवसाय सञ्चालन गर्दा व्यवसाय दर्ता रकमा ५० प्रतिशत छुट दिने
- गाउँपालिका भित्र सञ्चालित तर गाउँपालिकामा दर्ता नभएका सबै व्यवसायिहरुलाई करको दायरामा ल्याउन अगामी आ.व. २०८०/०८१ देखी थालनी भएको व्यवसाय दर्ता कार्यलाई निरन्तरता दिने ।
- गाउँपालिका अन्तर्गत करदाताहरुलाई प्रोत्साहन गर्ने वातावरणका साथ सबै भन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने ।
- राजश्व प्रसाशनको प्रभावकारीताको लागी आवश्यक कार्यविधि निर्देशिका र मापदण्ड बनाई लागु गर्ने आन्तरिक नियन्त्रण प्रणलीलाई थप सशक्त प्रभावकारी बनाउने ।
- सबै किसिमका पेशा व्यवसाय सञ्चलनको दर्ता नविकरण गर्ने कार्यलाई छिटो छचितो सरल पारदर्वी र करदातामैत्रि बनाउने ।
- कर संकलनलाई थप प्रभावकारी बनाई प्रक्षेपण गरिएको राजश्व यथा समयमा संकलन गर्न वडा समिति र टोल विकास संस्थालाई परिचालन गरिने ।
- गाउँपालिकाबाट गनेए खर्च प्रणलीलाई व्यवस्थीत गरि बेरुजु तथा पेश्कीलाई निरुत्साहित गर्दै आर्थीक पारदर्शीता कायम गरिनेछ । काम सम्पन्न भएपछि मात्र भुक्तानी दिने गरी पेश्की नियन्त्रण गर्ने नीतिलाई अवलम्बन गर्दै बेरुजू शुन्य बनाउन आवश्यक व्यवस्था मिलाउने ।
- कर प्रणलीलाई व्यवस्थीत गर्न आवश्यक र उपयुक्त प्रविधीको प्रयोग गरी सूचना प्रविधि मैत्रि बनाउने ।

दोगडाकेदार गाउँपालिका, बैतडी

४. करका आधारहरु

स्थानीय कर अधिकार सम्बन्धि व्यवस्थाहरुनै स्थानीय करका आधारहरु हुन । स्थानीय करका सम्बन्मा नेपालको संविधान , अन्तरसरकारी वित्त व्यवस्था ऐन २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विभिन्न व्यवस्थाहरु गरिएका छन ति व्यवस्थाहरु देहाय अनुसार छन ।

क) संवैधानिक व्यवस्था

- आर्थीक अधिकार वमोजिम स्थानीय तहले आफ्नो क्षेत्राधिकारका विषयमा आर्थीक कानुन वनाउन सक्ने , धारा ५९
- कानुन वमोजिम बाहेक स्थानीय तहले कर लगाउन र उठाउन नपाउने धारा २२८
- स्थानीय तहले छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकुल नहुने गरी कर लगाउनु पर्ने , धारा २२८
- स्थानीय तहले अनुसूची ८ को ४ नं. बुदामा उल्लेखित क्षेत्रमा कर लगाउन सक्ने

ख) अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४

- स्थानीय तहले स्थानीय कानुन बमोजिम अनुसूची ३ मा उल्लेखित कर तथा गैरकर उठाउन सक्ने, दफा ३

ग) स्थनीय सरकार सञ्चालन ऐन, २०७४

- कानुन वमोजिम बाहेक स्थानीय तहले कर लगाउन र उठाउन नपाउने, दफा ५४
- स्थानीय तहले दफा ५५ देखी ६२ सम्मका बिषयमा कर लगाउन पाउने ।
- प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर निर्धारण , संकलन तथा वाडफाड दफा ६४ मा भएको व्यवस्था अनुसार हुने ।

दोगडाकेदार गाउँपालिका, बैतडी

५. आगामी आ.व. को प्रस्तावित कर तथा गैर कर राजश्व दर

आगामी आ.व. को लागी प्रस्तावित कर तथा गैरकर राजश्व दर अनुसूची १ देखि अनुसूची १५ बमोजिम हुनेछ ।

अनुसूची १
सम्पत्ति करको दर

गाउँपालिका क्षेत्र भित्र प्रत्येक पक्की तथा कच्ची घरहरुमा तपसिल बमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिनेछ ।

क. सं.	घरको प्रकार	आ.व. २०८१।०८२ को प्रति घर रु.	आ.व. २०८२।०८३ को प्रति घर रु.
१	कच्ची घर भुईतले	१००	१००
२	कच्ची घर एकतले	१५०	१५०
३	कच्ची घर दुईतले र सोभन्दा माथी	२००	२००
४	पक्की घर भुईतले	२००	२००
५	पक्की घर एकतले	३००	३००
६	पक्की घर दुईतले र सोभन्दा माथी	५००	५००

नोट : १) मुल्याङ्कनको प्रति हजार रु. १ का दरले सम्पति कर लिईने छ ।

२) माथिको मूल्याङ्कन विवरणमा कुनै क्षेत्र छुट हुन गएमा प्रचलित कानुन बमोजिम न्युनतम मुल्याङ्कन पुस्तिकामा उल्लेखीत दर बमोजिम हिसाब गरिनेछ ।

अनुसूची २
भुमि कर (मालपोत) करको दर

गाउँपालिका क्षेत्रभित्र भूमि कर (मालपोत) निम्नानुसार लगाइने र असूल उपर गरिनेछ । तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर लगाईने छैन ।

क. सं.	जग्गाको प्रकार	एकाई	आ.व. २०८१।०८२ को प्रति रोपनी रु.	आ.व. २०८२।०८३ को प्रति रोपनी रु.	कैफियत
१	पाखो तर्फ	प्रति रोपनी	७	७	न्युनतम रु ५०।००
२	खेत तर्फ	प्रति रोपनी	१०	१०	

दोगडाकेदार गाउँपालिका, बैतडी

दुई वर्ष सम्म कर नतिर्नेलाई २५ प्रतिशत जरिवाना ५ वर्ष सम्म नतिर्नेलाई ३५ प्रतिशत सो भन्दा बढी नतिर्नेलाई ५० प्रतिशत जरिवाना लाग्नेछ । जुन आ.व. २०७६।०७७ भन्दा अगाडिको दररेट अनुसार हुनेछ ।

अनुसूची ३

घर जग्गा वहाल करको दर

दोगडाकेदार गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले घर, पसल, कारखाना, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बहाल रकममा १० प्रतिशलका दरले बहाल कर लिइने छ । बहाल कर प्रयोजनको लागि बहाल रकमको मूल्याङ्कन (भाडा दर) दुवै पक्षको आपसी सहमतीमा हुनेछ र सो को स्वघोषणा दुवै पक्षले राख्नु पर्नेछ ।

अनुसूची ४ (क)

ब्यवसायदर्ता र खारेजी

१) व्यापार व्यवसाय वा सेवामा पूजीगत लगानी र आर्थिक कारोवारको आधारमा गाउँपालिकाले व्यावसाय दर्ता र खारेजी गर्दा लगाउने कर निम्नानुसार लिने				
सि.नं.	व्यवसायको किसिम	व्यवसाय दर्ता/नविकरण	खारेजी	कैफियत
१	कृषि तथा पशुपंक्षि फर्म	१२५०/५००	२००	
२	कृषक समुह नविकरण	१,००० /५००	२००	
३	सहकारी दर्ता शुल्क	२,५००/२,०००	३००	
४	दैनिक उपभोग्य खाद्य पदार्थ बेच्ने किराना पसल	१०००		
५	थानकपडा, रेडिमेट कपडा बिक्रिगर्ने पसल	२५००		
६	हर्डबेयर, ईलेक्ट्रीक तथा ईलेक्ट्रोनिक्स समान बेच्ने पसल	२५००		
७	लुगा सिउने, कपाल कट्ने, जुत्ता सिउने फोटो खिच्ने वा यस्तै प्रकृतिका सेवामुलक ब्यवसाय	१०००		
८	औषधी पसल	५०००		
९	होटेल, लज, क्याफे, होमस्टे , रेष्टुरेन्ट लगायत यस्तै प्रकृतिका ब्यवसाय	५०००		

१०	ईन्धन तथा यस्तै प्रकृतिका ब्यवसाय	५०००		
११	वर्कसप	२५००		
१२	स्टेसनरी तथा खेलकुद समाग्रीको व्यवसाय	२५००		
१३	गैर सरकारी संघ संस्था	२५००		
१४	फर्निचर तथा काष्ठ उद्योग	५०००		
१५	मासु जन्य पसल	१०००		
१६	स्वास्थ्य क्लिनिक	३०००		
१७	५ सैय्याको अस्पताल	१५०००		
१८	१० सैय्याको अस्पताल	३००००		
२०	१५ सैय्याढको अस्पताल	३५०००		
२१	मदिरा जन्य ब्यवसाय	४०,०००/१०,०००		
२२	तरकारी, फलफुल, मल, खाद, विउ विजन विकि पसल लगाएत कृषि जन्य व्यावसाय	१२५०		
२३	व्युटिपालर र श्रृगांर पसल	१५००		
२४	खानेपानी संस्था विधान दर्ता	१०००/५००		
२५	घेरलु तथा साना उद्योग	२५००		
२६	कुटानी पिसानी मिल तथा अन्य व्यवसायको	१५००		
२७	सुनचाँदी पसल	१००००		
२८	नास्ता पसल	१०००/५००		

नोट : *१. घ वर्गको इजाजत पत्र लिने व्यवसायीमा उपरोक्त व्यवस्था लागु हुने छैन ।*

२. समयमा नविकरण नगर्नेको हकमा प्रति वर्ष २० प्रतिशतका दरले जरिवाना समेत जोडी नविकरण शुल्क असूल उपर गरिनेछ ।

अनुसूची ४ (ख)

वार्षिक व्यवसाय करका दर

क. सं.	व्यवसायको किसिम	आ.व. २०८१।०८२	आ.व. २०८२।०८३	कैफियत
१	दैनिक उपभोग्य खाद्य पदार्थ बेच्ने किराना पसल	१०००	१०००	
२	थानकपडा, रेडिमेट कपडाहरु बिक्रिगर्ने पसल	१५००	१५००	
३	हर्डबेयर, ईलेक्ट्रीक तथा ईलेक्ट्रोनिक्स समान बेच्ने पसल	२५००	२५००	
४	लुगा सिउने, कपाल कट्ने, जुत्ता सिउने फोटो खिच्ने वा यस्तै प्रकृतिका सेवामुलक ब्यवसाय	५००	५००	
५	औषधी पसल	२०००	२०००	
६	होटेल, लज, क्याफे होमस्टे रेष्टुरेन्ट लगायत यस्तै प्रकृतिका ब्यवसाय	२५००	२०००	
७	ईन्धन तथा यस्तै प्रकृतिका ब्यवसाय	२५००	२५००	
८	वर्कसप	१५००	१५००	
९	स्टेसनरी तथा खेलकुद समाग्रीको व्यवसाय	२५००	२०००	
१०	गैर सरकारी संघ संस्था	२५००	२५००	
११	फर्निचर तथा काष्ठ उद्योग	५०००	५०००	
१२	मासु जन्य पसल	१०००	१०००	
१३	स्वास्थ्य क्लिनिक	६,०००	३,०००	
१४	५ सैय्याको अस्पताल	१०,०००	८,०००	
१५	१० सैय्याको अस्पताल	१५,०००	१५,०००	
१६	१५ सैय्याढको अस्पताल	२५,०००	२५,०००	
१८	तरकारी, फलफुल, मल, खाद, विउ विजन विक्रि पसल लगाएत कृषि जन्य व्यावसाय	१,०००	१,०००	
१९	बैंक तथा वित्तिय संस्थाहरुमा निम्नानुसार व्यवसाय कर लाग्नेछ । क वर्ग - १५,०००।- ख वर्ग - १२,०००।- ग वर्ग - ९,०००।- घ वर्ग - ६,०००।- विमा कम्पनी - ३,०००।- मनि ट्रान्सफर - २,०००।-			
२०	निर्माण व्यवसायी क श्रेणी	६,०००	७,०००	
२१	निर्माण व्यवसायी ख श्रेणी	५,०००	६,०००	
२२	निर्माण व्यवसायी ग श्रेणी	३,०००	५,०००	
२३	कुटानी पिसानी मिल तथा अन्य व्यवसायको	१,०००	१,०००	

२४	सुनचाँदी पसल	४,०००	५,०००	
२५	व्युटि पार्लर श्रृगांर पसल	०	१०००	
२७	घरेलु तथा साना उद्योग	०	१०००	

नोट :

१) माथी उल्लेखीत भएको व्यवसायहरुमा सोही अनुसार र नभएको हकमा राजश्व परमर्श समितिको सिफारिसमा गाउँ सभाबाट निर्णय गरी कर निर्धारण गरिने छ ।

२) कुनै एक ब्यवसायको ईजाजत लिई अन्य ब्यवसाय समेत थप गरी ब्यवसाय संचालन गरेको हकमा माथि उल्लेखित दरको प्रत्येक ब्यवसायमा २० प्रतिशत ले हुने रकम थप ब्यवसाय कर लिने ।

३) व्यवसाय कर आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र दाखिला गरिसक्नु पर्नेछ । अन्यथा प्रति महिना ५ प्रतिशत विलम्ब शुल्क लाग्ने छ ।

४) कुनै व्यवसायिले घरेलु तथा साना उद्योग कार्यालयमा व्यवसाय दर्ता/नविकरण गर्न चाहेमा सो दर्ता /नविकरण सिफारिस बाफत सामान्य सिफारिस शुल्क (रु. १०० मात्र) लिइने छ । तर घरेलु तथा साना उद्योग कार्यालयमा व्यवसाय दर्ता/नविकरण गर्ने व्यक्तिले यस गाउँपालिकामा अनिवार्य दर्ता गर्नु पर्ने छ ।

६) कुनै व्यवसायीले व्यवसाय दर्ता नगरी व्यवसाय सञ्चालन गरेको भेटिएमा एक पटकका लागि दर्ता गराउन सचेत गराउने र दोस्रो पटक समेत दर्ता नगरेमा व्यवसाय दर्ता शुल्कको दोब्बर असूल गरि दर्ता गर्न लगाउने ।

अनुसूची ५

जडिबुटी, कवाडी र जिबजन्तु सम्बन्धी करका दर

प्रचलित कानूनले निषेधित गरेका बाहेक मरेका वा मारिएका पशु जीवजन्तु र पन्छी आदि संग सम्बन्धित निम्न बस्तुहरुको करका दर देहाय बमोजिम हुनेछन् ।

क्र. सं.	विवरण	इकाई	प्रति ईकाइ दर रु.	कैफियत
	बन जन्य कर			
१	खोटो	के.जि.	३	
२	सल्लाको गोलिया काठ	क्युविक फिट	२०	
३	सल्लाको चिरानी काठ	क्युविक फिट	१५	
४	टुनी काठ/उतिस काठ	क्युविक फिट	२०	
५	अन्य प्रजातिका दाउरा/काठ	क्युविक मिटर	६०	

दोगडाकेदार गाउँपालिका, बैतडी

६	खरी ढुंगा	प्रति के.जी.	२० पैसा	
	जडिबुटि तर्फ			
१	रिठा	प्रति के.जी.	२	
२	दालचिनीका पात	प्रति के.जी. रु.	२	
३	दालचिनीका बोक्रा	प्रति के.जी. रु.	५	
४	सिमभ्रडा (सूगन्धवाल)	प्रति के.जी. रु.	५	
५	टिमुर	प्रति के.जी.रु.	७	
६	काउलाको बोक्रा	प्रति के.जी.रु.	५	
७	अन्य (काफलको बोक्रा, ऐसेलूको, त्रिखूलाको बोक्रा	प्रति के.जी. रु.	७	
८	निजिटो	प्रति के.जी. रु.	१२	
९	सिलपरे	प्रति के.जी. रु.	७	
१०	**कांचो छाला (मृत रांगा, भैसी, गाई गोरु)**	प्रति गोटा रु.	१००	
	कृषि तथा पशूजन्य निकासी तर्फ			
१	आलु सहित सबै प्रकारका तरकारीमा	प्रति क्वीन्टल रु.	५०	
२	सवै प्रकारका फलफूलहरुमा	प्रति क्वीन्टल रु.	५०	
३	भटमास/मकै/दाल गेडागुडीमा	प्रति क्वीन्टल रु.	५०	
४	अर्गानिक आलू	प्रति क्वीन्टल रु.	१००	
	पशुजन्य			
१	रांगा/भैसी	प्रति जिउ (गोटा) रु.	५००	
२	गाई/गोरु	प्रति जिउ (गोटा) रु.	१००	
३	खसी/बोका/भेडा बाखा	प्रति जिउ (गोटा) रु.	१००	
४	घिउ	प्रति के.जी. रु.	५	
५	मह	प्रति के.जी. रु.	५	
६	उखूको गूड	प्रति के.जी. रु.	५	
	अन्य			
१	कवाड	प्रति क्वीन्टल रु.	५०	

अनुसूची ६
पूर्वाधार सेवाको उपयोगमा लाग्ने सेवा शुल्क

केन्द्र वा प्रदेशमा सवारी साधन दर्ता तथा अनुमति लिएका सबै प्रकारका सवारी साधनहरु दोगडा केदार गाउँपालिका क्षेत्र भित्र नियमित रुपमा सञ्चालन गर्दा गाउँपालिकामा अनिवार्य अभिलेखीकरण गरी सञ्चालनको अनुमती लिनु पर्ने छ । गाउँपालिका बाट अनुमति लिइ सञ्चालनमा रहेका , गाउँपालिका क्षेत्रभित्रका सडक पुल तथा अन्य मार्गहरुको मर्मत सम्भारका लागी सडक पुल उपयोग गरे बाफत तपशिलका भार बाहान साधनहरुमा निम्नानुसार सेशुल्क लिईनेछ ।

दोगडाकेदार गाउँपालिका, बैतडी

क. सं.	विवरण	आ.व. २०८१/०८२	आ.व. २०८२/०८३
१	बस, ट्रक, लरी र अन्य हेभी गाडी	१०००	१०००
२	भडाका ट्याकटर, कार, जिप	३००	३००
३	भाडाको टेम्पो	१००	१००
४	भाडाको मिनिबस	७००	७००
५	ट्याक्टर	१०००	१०००
६	नीजि कार, टेम्पो र मिनिबस	२००	२००
७	स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधन	१००	१००

नोटः १.गाउँपालिकामा दर्ता नभएका कुनैपनि सवारी साधनको दुर्घटना, बिमा वा अन्य किसिमको सिफारिश लिंदा माथि उल्लेखीत सवारी साधन दर्ता शुल्कको दोब्बर शुल्क लिई सिफारिश प्रदान गरिने छ ।

२. गाउँपालिका द्धारा निर्माण भएका र मर्मत सम्भार गर्नुपर्ने सडकहरुवाट मात्र सडक सुधार सेवा शुल्क लिने ।

३. सरकारी , संस्थान , बैदेशिक कुटनैतीक नियोग , एम्बुलेन्स , सववाहान , सरकारी शैक्षीक संस्थाका सवारी साधनहरु बाट शुल्क नलिने ।

अनुसूची ७

विज्ञापन कर (होडिङ बोर्ड सेवा शुल्क) :

क) प्रति वर्ग फिट रु १०।-

ख) अन्य वस्तुको बिज्ञापन प्रति वर्ग फिट रु ५०।-

ग) सार्वजनिक स्थानमा ब्यानर टाँगेमा प्रति बर्ग मिटर ७ दिन सम्म रु १०।-र सो पछी प्रतिदिन थप रु ५।-

घ) १ मिटर र १बर्ग फिट सम्मको बिज्ञापन १ महिना सम्मको प्रतिदिन रु १।- र सो भन्दा बढी राख्नु परेमा प्रतिदिन रु. २।-

ङ) आफ्नो ब्यवसाय परिचयको लागी १५ वर्ग फिट सम्म १ थान बोर्ड ब्यवसायिले आफ्नो पसल वा ब्यवसाय रहेको भित्ता पर्खाल वा अगाडीको भागमा राख्न पाउने छन र १ भन्दा धेरै बोर्ड राख्नु परेमा माथिको दररेटमा सम्बन्धित ब्यवसायिले बिज्ञापन कर वाफत बुझाउनु पर्ने छ ।

च) कार्यक्रम/समारोह/सन्देशमूलक/जनचेतनामुलक/राजनीतिक दलको ब्यानर/पर्चा/पम्प्लेट आदी अनुमती लिई राखेमा निशुल्क राख्न पाईनेछ ।

दोगडाकेदार गाउँपालिका, बैतडी

अनुसूची ८
मनोरञ्जन कर :

क) सिनेमाहल वा भिडियो हलहरुमा प्रवेश शुल्कको ३ प्रतिशत का दरले मनोरञ्जन कर असुल गरिने छ। चालु आ. व. भित्र असुल नभएमा अर्को वर्ष ५ प्रतिशत थप गरी असुल गरिने छ।

ख) जादु, सर्कस, चटक आदि अनुमति बिना प्रवेश गर्न दिईने छैन। यस्ता मेला प्रदर्शनिहरुको अनुमति दिँदा प्रति दिन रु ५००।- शुल्क लिईने छ।

ग) मनोरञ्जन सेवामा प्रदेश कानुनले तोकेकोमा सेही वमोजिम कर लगाइनेछ।

अनुसूची ९
बहाल बिटौरी कर (पटके व्यवसायि) :

क) गाउँपालिका क्षेत्रभित्रमा निमार्ण, रेखदेख वा सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी प्रति जग्गा वा बाटो छेउमा अस्थायी पसल वा ब्यवसाय गर्न दिए वाफत प्रति वर्ग फिट बर्षिक रु २००।- बहाल बिटौरी कर असुल गरिने छ।

ख) ऐलानि प्रति जग्गा चलनभोग गरे वापत वडा कार्यालयवाट प्रति रोपनी रु. ५० सेवा शुल्क बार्षीक संकलन गर्ने र सेवा शुल्क वापत रकमले स्वामित्व दावीमा कानुनी मान्यता दिइने छैन।

अनुसूची १०
पार्कीङ्ग शुल्क

क) मोटर साईकलको लागी पहिलो २ घण्टाको लागि रु ५।- र सो भन्दा बढीको लागि रु. १०।-

ख) हलुका सवारी साधनको लागी पहिलो २ घण्टाको लागि रु १५।-र सोभन्दा बढीको लागि रु. २०।-

ग) ट्यकटरको लागी पहिलो २ घण्टाको लागि रु १५।- र सो भन्दा बढीको लागि रु. २५।-

घ) हेभि सवारी साधनको लागी पहिलो २ घण्टाको लागि रु २५।-र सो भन्दा बढीको लागि रु. ४०।-

नोटः गाउँपालिकाले माथ उल्लेखित पार्कीङ्ग शुल्क(भ्याट बाहेक)आफ्नो बसपार्क क्षेत्रमा लिन सक्नेछ।

अनुसूची ११
ट्रेकिङ शुल्क

दोगडाकेदार गाउँपालिका, बैतडी

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्राभल एजेन्सी फन पार्क, प्याराग्लाईडिङ्ग, वाटर र्‍याफ्टीङ, ट्रेकिङ, पदयात्रा जस्ता व्यवसाय संचालनमा गाउँपालिकाको कानून बमोजिम शुल्क लाग्ने छ ।

अनुसूची १२
सेवा शुल्क तथा दस्तुर

गाउँपालिकाले देहाय बमोजिम सेवा शुल्क तथा दस्तुर संकलन गर्न सक्नेछ ।

क.स.	विवरण	आ.व. २०८१/०८२	आ.व. २०८२/८३	कैफियत
१	सम्पत्ति मुल्यङ्कन तथा श्रोत प्रमाणित प्रति हजार	१।००	१।००	
२	जग्गा दर्ता सिफरिस निवेदन फारम र निबेदन दर्ता दस्तुर समेत एकमुष्ट	५००।००	५००।००	
३	जग्गा नामसारी सिफरिस निबेदन दर्ता र निबेदन फारम र मुचुल्का समेत एकमुष्ट	५००।००	५००।००	
४	मोही दर्ता तथा मोही सिफरिस निबेदन दर्ता र निबेदन फारम समेत एकमुष्ट	५००।००	५००।००	
५	घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद) ३५ दिन भित्र निशुल्क सो भन्दा माथि	२००।००	२००।००	
६	डिलर लिने सिफारिस	५०००।००	५०००।००	
७	नगरिकता सिफारिस (बंशज)	१००।००	१००।००	
८	नागरिकताको प्रतिलिपि सिफारिस	२००।००	२००।००	
९	नगरिकता सिफारिस (अंगिकृत)	१५००	१५००	
१०	नगरिकता सिफारिस (बैबाहिक अंगिकृत)	१०००	१०००	
११	अंगिकृत नागरिकता सिफारिस (जन्म सिद्ध नाताले)	५००।००	५००।००	
१२	धारा, बिजुली जडान सिफारिस	२००।००	२००।००	
१३	बिद्युत मिटर सिफारिस	२००।००	२००।००	
१४	अस्थायी बिद्युत मिटर सिफारिस	२०००	२०००	
१५	काठ कटान, निकासि गर्न सिफारिस प्रति घ.मि.	४।००	४।००	
१६	प्रतिलिपी प्रमाणीत दस्तुर प्रति पाना	५।००	५।००	
१७	प्रतिलिपी दस्तुर प्रति पाना	२०।००	२०।००	
१८	शैक्षिक प्रमाणपत्रको प्रतिलिपि दस्तुर	५००।००	५००।००	
१९	पुनर्योग शुल्क प्रति उत्तर पुस्तिका	०।००	२००	
२०	घरबाटो भए नभएको प्रमाणीत	२००।००	२००।००	

२१	चार किल्ला प्रमाणित १ कित्ता सम्म २००।०० सो भन्दा माथी प्रती कित्ता थप	७५।००	७५।००	
२२	अमिन सेवा शुल्क (प्रतिकित्ता) वडा नं. १ र ८	५०००।००	५०००।००	
२३	अमिन सेवा शुल्क (प्रतिकित्ता) वडा नं. २ र ६	४०००।००	४०००।००	
२४	अमिन सेवा शुल्क (प्रतिकित्ता) वडा नं. ४ र ५	३०००।००	३०००।००	
२५	अमिन सेवा शुल्क (प्रतिकित्ता) वडा नं. ३ र ७	२०००।००	२०००।००	
२६	सञ्चार टावर स्विकृती सिफारिस	६०००।००	६०००।००	
२७	सञ्चार टावर सेवा शुल्क	०।००	२०००।००	
२८	अस्थाई प्रकृतीको निर्माण स्विकृती निबेदन फारम प्रति गोटा	१००।००	१००।००	
२९	नाता प्रमाणीत	२५०।००	२५०।००	
३०	नाता प्रमाणीत (मृतक सँग)	५००।००	५००।००	
३१	निजि स्तरका बिद्यालय स्थापना तथा तहबृद्धी सम्बन्धी सिफारिस (आधारभुत)	१५००।००	१५००।००	
३२	निजि स्तरका बिद्यालय स्थापना तथा तहबृद्धी सम्बन्धी सिफारिस (माध्यमिक)	५०००।००	५०००।००	
३३	सामुदायिक सरकारी बिद्यालयको तहबृद्धी सम्बन्धी सिफारिस	निःशुल्क	निःशुल्क	
३४	गाउँपालिकाको स्वामित्वमा रहेका पिच सडक काट्नु परेमा स्विकृति सिफरिस	५०००।००	५०००।००	
३५	प्रयोगशाला तथा आँखा उपचार सेवा शुल्क	०।००	कार्यविधि अनुसार	
३६	संघ संस्था सिफारिस शुल्क	५००।००	५००।००	
३७	समुह दर्ता सिफारिस	२००।००	२००।००	
३८	व्यवसाय दर्ता सिफारिस	१००।००	१००।००	
३९	योजना सम्बन्धी सिफारिस प्रति योजना	५००।००	५००।००	
४०	योजना सम्बन्धी सिफारिस प्रति योजना (प्रदेश/संघ)	१०००।००	१०००।००	
४१	सूचना प्रति पान (१० पाना सम्म निशुल्क)	१०।००	१०।००	
४२	अंग्रेजिबाट गरिने जुनसुकै प्रकारका सिफारिस	५००।००	५००।००	
४३	कृषि औजार सम्बन्धी भन्सार छुट सिफारिस	५००।००	५००।००	
४४	भन्सार छुट सिफारिस (अन्य)	१०००।००	१०००।००	
४५	बसोबास प्रमाणित दस्तुर	३००।००	३००।००	
४६	अस्थायी बसोबास प्रमाणित दस्तुर	१००।००	१००।००	
४७	मुद्धा सम्बन्धि सिफरिस	२००।००	२००।००	
४८	लिखत पास रोहवर बसेको	२००।००	२००।००	

दोगडाकेदार गाउँपालिका, बैतडी

४९	न्यायिक समिति उजुरी दर्ता दस्तुर	१००।००	२००।००	
५०	सयुंक्त निबेदन दर्ता दस्तुर (मिलापत्र)	१००।००	२००।००	
५१	मालपोत रसिद प्रतिलिपी	१००।००	१००।००	
५२	परिक्षा दस्तुर	विज्ञापन अनुसार	विज्ञापन अनुसार	
५३	प्लम्बर सेवा शुल्क प्रति दिन	१२००।००	१२००।००	
५४	इलेक्ट्रसियन सेवा शुल्क प्रति पोइन्ट	४०।००	४०।००	
५५	उल्लेखित शिर्षकमा नपरेका अन्य सिफारिस	०।००	१००	अंग्रेजी रु. २००
५६	विपन्न, असहाय, गरिव, जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा सम्बन्धीका सिफारिस अन्य कागजात	नि:शुल्क	नि:शुल्क	
५७	स्कीन प्लान्ट व्यवसाय तथा उद्योग सञ्चालन अनुमती दस्तुर	छान्ने जालिको आकार ५० वर्ग फिट सम्मको भएमा	रु.६०,०००	
		छान्ने जालिको आकार ५१ देखि १०० वर्ग फिट सम्मको भएमा	रु. १,२०,०००	
		छान्ने जालिको आकार १०० वर्ग फिट भन्दा माथिको भएमा	रु. १,८०,०००	
५८	ब्यक्तिगत विवरण प्रमाणित		रु. २००	
५९	घट्ना दर्ता प्रतिलिपी		रु. ५००	

अनुसूची १३
प्राकृतीक श्रोत साधन बिक्री :

गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ती वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल , ऐलानी तथा निजि क्षेत्रवाट व्यवसायिक रुपमा उत्पादन हुने ढुंगा , गिट्टी , बालुवा , माटो काठ दाउरा , जराजुरी , स्लेट आदी प्रकृतिक एवमे खानीजन्य वस्तुहरुको विक्री तथा निकासी गर्नको लागी निम्नानुसार प्राकृतिक स्रोत संकलन तथा बिक्रि शुल्क लिइनेछ ।

क.स.	विवरण	आ.व. २०८१/८२ (भ्याट बाहेक)	आ.व. २०८२/८३ (भ्याट सहित)	कै.
१.	ढुंगा , गिट्टी , बालुवा , ग्रावेल र रोडा (स्वीकृत खानि क्षेत्र बाहेक) प्रति घ.मि.	रु. १५०	रु. २००	
२.	माटो (स्वीकृत खानि क्षेत्र बाहेक) प्रति घ.मि.	रु. १०६	रु. २००	

दोगडाकेदार गाउँपालिका, बैतडी

३.	काठ दाउरा (दहत्तर बहत्तर) प्रति के.जि.	रु. १	रु. २	

अनुसूची १४

सरकारी सम्पत्ती प्रयोग वाट प्रप्त हुने आय :

क. सं.	विवरण	इकाई	आ.व. २०८१/०८२	आ.व. २०८२/०८३	कैफियत
१	एस्काभेटर भाडा (बकेट)	प्रतिघण्टा	रु. ३०००	रु. ३०००	तेल र ड्राइभर भत्ता बाहेक
२	एस्काभेटर भाडा (ब्रेकर)	प्रतिघण्टा	रु. ३५००	रु. ३५००	
३	ब्याक हु लोडर भाडा	प्रतिघण्टा	रु. १८००	रु. १८००	
५	टिपर भाडा (एक हप्ता भन्दा कम)	प्रति कि.मि.	०।००	रु. ६०	
६	एम्बुलेन्स		एम्बुलेन्स सञ्चालन कार्यविधि अनुसार हुने ।		
७	हल भाडा	प्रति दिन	१०००।००	१०००।००	
८	टेक्टर भाडा	प्रति कि.मि.	०।००	प्रति घण्टा रु. ६००।–	तेल र ड्राइभर भत्ता बाहेक

नोट : १. एस्काभेटर र व्याक हु लोडर भाडामा लिदा कम्तीमा ८ घण्टाको लागी लिनु पर्नेछ ।

२. एक हप्ता भन्दा बढी समयका लागी टिपर भाडामा लिनेलाई कार्यालय संग सम्झौता गरि इन्धन र चालकको भत्ता बाहेक प्रति दिन रु. ६,५०० का दरले भाडा तोकिनेछ ।

३. दैनिक टेक्टर भाडामा लिनेलाई कार्यालय संग सम्झौता गरि इन्धन र चालकको भत्ता बाहेक प्रति दिन रु. ३५०० का दरले भाडा तोकिनेछ ।

अनुसूची १५

अन्य प्रशासनिक सेवा शुल्क तथा दण्ड जरिवाना

क) घ वर्गको निर्माण व्यवसायिको इजाजत पत्र दर्ता तथा नविकरण शुल्क

क. सं.	विवरण	आ.व. २०८१/०८२	आ.व. २०८२/०८३	कैफियत
१	घ वर्गको ईजाजत पत्र दर्ता	४००००	४००००	
२	घ वर्गको ईजाजत पत्र नवीकरण (म्याद भित्र)	३०००	३०००	
३	घ वर्गको ईजाजत पत्र नवीकरण (म्याद	५०००	५०००	

दोगडाकेदार गाउँपालिका, बैतडी

	बाहिर)			
४	घ वर्गको ईजाजत पत्र नामसारी (हकवाला)	५०००	५०००	
	घ वर्गको ईजाजत पत्र नामसारी (हकवाला बाहेक)		१००००	
५	घ वर्गको ईजाजत पत्र ठाउंसारी	१००००	१००००	
६	घ वर्गको ईजाजत पत्र प्रा.लि.मा दर्ता सिफारिस	१००००	१००००	
७	घ वर्गको ईजाजत पत्र प्रतिलिपी	१०००	१०००	
	घ वर्गको ईजाजत पत्र खारिजि गरिपाउ भनि निवेदन आएमा खारिजि शूल्क	००।००	२५००	

ख) दण्ड जरिवाना

१. ढुंगा , गिट्टी , वालुवा गैर कानुनी तरिकाले उत्खनन तथा बिक्रि वितरण गरेमा निमनुसार अनुगमन समिति र प्रहरी प्रशासनको सिफरिसमा प्रमुख प्रशासकिय अधिकृतले जरिवाना तोक्नेछन ।

- टेक्टर ५०००।०० देखी २५०००।०० सम्म
- टिप्पर ६०००।०० देखी २५०००।०० सम्म
- ब्याक हु लोडर ७०००।०० देखी २५०००।०० सम्म
- एक्साभेटर ८०००।०० देखी २५०००।०० सम्म

नोटः दोस्रो पटक पनि गैरकानुनी तरिकाले उत्खनन गरेको पाइएमा २५ प्रतिशत थप गरी जरीवाना असुल गरिनेछ ।

२. निकासी पोष्टमा संकलन गरिने जडिबुटी कवाडी र जिवजन्तु सम्बन्धी कर नबुझाइ निकासी गर्नेलाई अनुगमन समिति र प्रहरीको प्रशासनको सिफारिसमा प्रचलित करको दोब्बर कर लगाई निकासी गर्न दिइनेछ ।

आगामी आ.व. का लागी अनुमानित कर तथा गैर कर राजश्व रकमः

आगामी आ.व. २०८२/०८३ का लागी अनुमानित कर तथा गैर कर राजश्व रकम देहाय अनुसारको तालिका वमोजिम हुनेछ ।

क.स.	**राजश्व शिर्षक नं**	**राजश्वको क्षेत्रहरु**	**अगामी आ.व. २०८२/०८३ को अनुमान**
१	११३१३	**घर (सम्पत्ति) कर**	५,००,०००
२	११३१४	भुमि कर (मालपोत)	१२,००,०००

दोगडाकेदार गाउँपालिका, बैतडी

३	११३१७	वहाल कर	८०,०००
४	११६११	व्यवसायले भुक्तान गर्ने दस्तुर	२,५०,०००
५	११६३१	जडीबुटी, कवाडी र जिवजन्तु सम्बन्धी कर	२,५०,०००
६	११६९१	अन्य कर	२,००,०००
७	१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	२३,५०,०००
८	१४१५९	प्रार्कतिक स्रोतबाट प्राप्त रोयल्टि	१७,००,०००
९	१४२१३	अन्य विक्रिबाट प्राप्त आय	३०,०००
१०	१४२२१	न्यायिक दस्तुर	१०,०००
११	१४२२४	परिक्षा शुल्क तथा दस्तुर	१०,०००
१२	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	१,५०,०००
१३	१४२४३	सिफारिश दस्तुर	३,३०,०००
१४	१४२४४	व्यक्तीगत घटना दस्तुर	३,००,०००
१५	१४२४५	नाता प्रमाणित दस्तुर	५०,०००
१६	१४२४९	अन्य दस्तुर	५०,०००
१७	१४२५३	व्यवसाय दर्ता दस्तुर	२,५०,०००
१८	१४३११	न्यायिक दण्ड , जरिवाना र जफत	२०,०००
१९	१४३१२	प्रशासनिक दण्ड , जरिवाना र जफत	२०,०००
२०	१४३१३	धरौटी सदरस्याहा	१,००,०००
२१	१४५२९	अन्य राजश्व	१,००,०००
२२	१४६११	व्यवसाय कर	३,००,०००
२३	१५१११	बेरुजु	२,५०,०००
२४	३२१२२	बैंक मौज्दात	८०,००,०००
		जम्मा	१,६५,००,०००

आज्ञाले,

नन्दराज जोशी

प्रमुख प्रशासकीय अधिकृत

दोगडाकेदार गाउँपालिका, बैतडी